
'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ५७ विहिवार ०८ कार्तिक, २०८१ 24 (Thursday) October 2024 पृष्ठ ४, मूल्य रु : १०।-

## ओली सरकारका १०० दिन

# इतिहास र हैसियत भएका दलहरु मिलेर बनेको सरकार हो : प्रधानमन्त्री ओली

नमस्ते समचारदाता
काठमाडौं, कार्तिक/०७



एमाले अध्यक्ष के.पी. शर्मा ओलीको नेतृत्वमा संसदको सबै भन्दा ठूलो दल नेपाली काँग्रेस र दोश्रो ठूलो दल नेकपा एमाले मिलेर सरकार गठन गरेको बुधबार सय दिन पुरा भएको छ । सरकारको सय दिन पुरा भएको र सय दिनमा सरकारले गरेका कामहरुको समिक्षा गरेर प्रधानमन्त्रीले देशवासीलाई सम्बोधन गरेका छन् । सम्बोधनका क्रममा ओलीले नेपाली कांग्रेस र नेकपा (एमाले) जस्ता इतिहास र हैसियत भएका दलहरू मिलेर बनेको सरकार भएकाले यो सरकार ढल्ने दिवा सपना कसैले नदेख्न आग्रह गरे । ओलीले काम गर्न नदिने उद्देश्यले सरकार अहिले ढल्छ, भरे ढल्छ, भोलि बिहानै ढल्छ भन्ने जस्ता अफवाह फैलाउने गरिएको टिप्पणी गरे । प्रधानमन्त्री ओलीले राष्ट्रियताको रक्षा, राष्ट्रिय हितको संरक्षण, सुशासन र विकासका काममा सरकारले कसैसँग कुनै सम्झौता नगर्ने बताएका छन् । सम्बोधनका क्रममा उनले यस अवधिमा सरकारले गरेका कामकारबाहीहरुको प्रगति विवरण सार्वजनिक गरेका छन् । प्रधानमन्त्री ओलीले १०० दिनको अवधिमा महत्वपूर्ण उपलब्धिहरू हासिल भएको उल्लेख गर्दै भने, 'सय दिन सकियो, अर्को सय दिन र बाँकी अवधिमा गर्ने कामका योजनाहरू आजबाट सुरु हुन्छन् । बितेका एक सय दिनमा हामीले विपत्तिका बिच पनि गरेका केही नवीन थालनी स्थिरता, सुशासन र विकासको लक्ष्यतर्फका पाइला हुन् ।' सरकारको सय दिनको उलपब्धि सार्वजनिक गर्दै प्रधानमन्त्रीले भ्रष्टाचार नियन्त्रण र सुशासन एकछिनको हल्लाबाजी र 'सुटिङ' गरेर देखाउने विषय बन्न नहुने भएकाले यसले सुशासनको प्रणालीका रुपमा गति लिनु पर्छ भन्नेमा सरकार स्पष्ट रहेको दाबी गरे । प्रधानमन्त्री ओलीले सर्वसाधारणले सहकारीमा जम्मा गरेको रकम अपचलन र ठगी गर्नेहरूमाथि सरकारले कानुनी कारबाही सुरु गरेको समेत बताए । 'हालसम्म ६ सय भन्दा माथिलाई कानुनी कारबाही गरिएको छ, ५ सय ७५ भन्दा बढी त जेलमै छन्,' प्रधानमन्त्री ओलीले भने, 'सहकारी ठगहरूलाई कारबाही गर्ने मात्र होइन, बचतकर्ताको बचत फिर्ता गर्नको लागि आवश्यक पर्ने सहकारी प्राधिकरण ऐन तर्जुमा गर्ने र सहकारी कर्जा सूचना केन्द्र तथा ऋण असुली न्यायाधिकरण स्थापना गर्ने काम पनि सँगसँगै अघि बढाइँदै छ ।' सम्बोधनका क्रममा ओलीले भने, 'गएको साउन ६ गते मैले संसद्मा विश्वासको मत लिँदै गर्दा यो सरकारका पाँचवटा प्राथमिकता प्रस्तुत गरेको थिएँ । 'थालेका कामहरू अघि बढाउने र निर्धारित समयमा सक्ने' कुरालाई सरकारले पहिलो प्राथमिकतामा राखेको थियो ।

*बाँकी ३ पेजमा...*

# मुख्यमन्त्री आचार्यद्वारा क्यान्सर अस्पतालको अवलोकन

नमस्ते समचारदाता
बाँके, कार्तिक/०७



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बाँकेको खजुरामा रहेको क्यान्सर अस्पतालको बुधबार अवलोकन गरेका छन् । धार्मिक कार्यबाट नागरिकले मुट्ठी दान गरेर निर्माण गरी संघीय सरकारलाई हस्तान्तरण गरिएको बाँकेको खजुरामा रहेको सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल विगत ९ वर्ष देखि बिना दरबन्दी संचालन हुँदै आएको छ । यो लुम्बिनी प्रदेशको एक मात्र क्यान्सर अस्पताल हो । अवलोकनका क्रममा मुख्यमन्त्री आचार्यले बिरामीहरुसँग अस्पतालले दिएको सेवा बारे जिज्ञासा राखेका थिए । सो अवसरमा अस्पताल प्रशासनलाई उनले संघीय सरकार मातहतको अस्पताल भएपनि प्रदेशले नियमले दिन मिल्ने सहयोग उपलब्ध गराउने आश्वासन दिए । प्रदेशले गर्न सक्ने योजनाहरु लिएर प्रदेश राजधानी आउन आग्रह गर्दै उनले दरबन्दी र कितावखानामा दर्ता गर्ने विषयमा आफुले संघीय सरकारमा पहल गर्ने बताए । बिना दरबन्दी अस्पताल संचालन भएको प्रति आश्चार्य प्रकट गर्दै आफ्नो तर्फबाट गर्न मिल्ने सहयोग गर्ने प्रतिबद्धता जनाए । त्यस अघि अस्पतालका कार्यकारी निर्देशक डा प्रकाश प्रसाद साहले विगत ९ वर्ष देखि दरबन्दी बिना नै कयौं कर्मचारीहरु काज र दैनिक ज्यालादारी तथा चिकित्सकहरुबाट अस्पताल संचालन भइरहेको छ । अस्पतालको जनशक्तिलाई निजामती कितावखानामा दर्ता नगरिँदा स्वास्थ्यकर्मीहरु टिकाउन असहज बनेको छ । चिकित्सक तथा नर्सहरुको आवास नहुँदा सेवा प्रभावित बनेको जस्ता समस्याहरु प्रस्तुत गरेका थिए । डा. साहले प्रविधि, स्रोत, साधन हुँदाहुँदै पनि जनशक्तिको व्यवस्थापन नहुँदा संचालनमा असहज बनेको मुख्यमन्त्री समक्ष जानकारी गराए । अवलोकनमा प्रदेशसभाका सदस्य रत्न खत्री, लुम्बिनी प्रदेशका मुख्यसचिव महादेव पन्थ, बर्दिया र बाँकेका सांसदहरुको सहभागीता रहेको थियो ।

# भूमि आयोग नबन्दा बाँकेमा लालपुर्जा बाँड्न अन्यौल

नमस्ते समचारदाता
नेपालगन्ज, कार्तिक/०७




गत सालको चैत्रमा नेकपा एमाले सहितको पुष्पकमल दाहाल पचण्ड नेतृत्वको सरकारले के.पी. ओलीकै सल्लाहमा राष्ट्रिय भूमि आयोग खारेज गरेको थियो । सरकारले खारेज गरेको राष्ट्रिय भूमि आयोग स्वयम के.पी. ओली प्रधानमन्त्री बनेको सय दिन पुग्दा सम्म पनि नबन्दा बाँकेमा लालपुर्जा वितरणको काम अन्यौलमा परेको छ । आयोग नै नहुँदा पुस्तौंदेखी जमिन पाउने आशामा बसेका भूमिहिन दलित, भूमिहिन सुकुमबासी र अव्यवस्थित बसोवासीहरुमा अन्यौलता सिर्जना भएको छ । लालपुर्जा बाँड्ने तयारी अवस्थामा पुगेको आयोग एक्कासी खारेज भएपछि बाँकेमा सबै काम बीचमै रोकिएको थियो । खारेज भएको ६ महिना पुगिसक्दा पनि सरकारले आयोग नबनाउँदा भूमिहिन दलित, भूमिहिन सुकुमबासी र अव्यवस्थित बसोबासीहरु अन्यौलमा परेका हुन् । 'जहिले पनि आयोग गठन हुन्छ, हामीलाई फाराम मात्रै भर्न लगाउँछ, लालपुर्जा पाउने बेलामा आयोग खारेज हुन्छ,' बाँके बैजनाथका रामशरण थारुले भने 'हामीलाई यसरी कहिले सम्म सरकारले बेकुप बनाईराख्ने हो ?' तत्कालिन समयमा आयोगले बाँकेका ८ वटै स्थानीय तहमा विभिन्न चरणको काम थालेको थियो । सबै स्थानीय तहमा चरणवद्ध रुपले काम अगाडि बढाइरहेका बेला एक्कासी आयोग खारेज भएपछि काम रोकिएको थियो । अहिले सबै काम अलपत्र अवस्थामा पुगेको आयोग बाँकेका निर्वतमान अध्यक्ष श्रवण कुमार यादवले बताए । 'हामीले बाँकेको कोहलपुर, बैजनाथ, राप्ती सोनारी र खजुरामा नापजाँचको काम गरिरहेका थियौं, बाँकी पालिकामा पनि काम अगाडि बढ्दै थियो, त्यही बेलामा गत चैत दोस्रो सातातिर आयोग खारेज भयो,' यादवले भने 'अहिले पुरै काम अलपत्र अवस्थामा छ, आयोग खारेज नभएको भए अहिलेसम्म बाँकेको ८० प्रतिशत काम सम्पन्न हुन्थ्यो ।' नापजाँच भइसकेको कतिपय ठाउँमा सूचना निकालेर पुर्जा बाँड्ने काम मात्रै बाँकी रहेको उनले सुनाए । आयोग खारेज भएपछि जग्गा पाउने आशामा बसेका भूमिहिन दलित, भूमिहिन सुकुमबासी र अव्यवस्थित बसोवासीहरुले फोन गरेर हैरान पारेको अध्यक्ष यादवले सुनाए । बाँकेमा सबैभन्दा बढी कोहलपुरमा १६ हजार ५ सय २, राप्ती सोनारी गाउँपालिकामा १३ हजार २ सय ५८, बैजनाथमा १० हजार ८४, खजुरामा ५ हजार १ सय १४, नेपालगञ्ज उपमहानगर पालिकामा ३ हजार ८२, जानकी गाउँपालिकामा २ हजार ४ सय ९१, नरैनापुरमा २ हजार ४ सय ३४ घरधुरी भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी रहेका छन् ।

*बाँकी ३ पेजमा...*

# "रारा-खत्याड गोल्ड-कप" प्रतियोगिता उद्घाटन

नमस्ते समचारदाता
मुगु, कार्तिक/०७



मुगु जिल्लाको पश्चिम खत्याड भेगमा पर्ने खत्याड गाउँपालिकामा प्रथम रारा खत्याड च्याम्पियनसिप गोल्ड-कप प्रतियोगिता उद्घाटन गरिएको छ । सुईना कर्णाली (कर्णालीको सपना) मुगु, खत्याड गाउँपालिका -३ को संयुक्त आयोजनामा र खत्याड गाउँपालिकाको आर्थिक सहयोगमा बुधबार देखि खत्याड गाउँपालिकाको कालिका माध्यामिक विद्यालय बुगामा प्रथम रारा - खत्याड च्याम्पियनसिप गोल्डकप सुरु भएको हो । प्रमुख अतिथि जिल्ला समन्वय समिति मुगुका प्रमुख मन्जन बहादुर कार्की र विशिष्ठ अथिति खत्याड गाउँपालिकाका प्रमुख अज बहादुर शाहीले संयुक्त रुपमा उद्घाटन गरेका हुन । उनिहरुले बललाई गोल पोष्टमा फालेर प्रतियोगिताको उद्घाटन गरेका थिए । उद्घाटन कार्यक्रममा स्थानिय नव इन्द्रेणी बाध्यबाधक समुहले भव्य रुपमा देउडा खेल प्रस्तुत गरेको थियो । सहभागी टिमहरु बिच विहिबार देखि प्रतियोगिताका खेलहरु संचालन हुने सुईना कर्णालीका अध्यक्ष तथा प्रतियोगिताका संयोजक अनिल बानियाँले जानकारी गराए । 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद' भन्ने मुल नाराको साथ सुरु भएको प्रथम रारा खत्याड च्याम्पियनसिप गोल्डकपमा फुटबल, महिला पुरुष भलिबल खेल सञ्चालन गरिने आयोजक स्रोतले जनाएको छ । प्रतियोगितमा फुटबल खेलमा ४७ वटा टिम, पुरुष भलिबल २१ टिम र महिला भलीबल ७ वटा टिम दर्ता भएको प्रथम रारा-खत्याड च्याम्पियनसिप गोल्डकप आयोजक सुईना कर्णालीका अध्यक्ष अनिल बानियाँले जानकारी दिए । खेलकुद प्रतियोगिता बिहीबारबाट सुरु भएको र प्रतियोगितामा विजेता हुने फुटबल टिमलाई कप, मेडेल र प्रमाणपत्रसहित ६० हजार, उपविजेतालाई मेडल र प्रमाणपत्रसहित २० प्रदान गरिने छ । पुरुष, महिला भलिबलतर्फ विजेता हुनेलाई कप, मेडल र प्रमाणपत्रसहित ३० हजार र उपविजेतालाई मेडेल र प्रमाणपत्रसहित १० हजार प्रदान गरिने बताइएको छ । त्यसैगरी फुटबल, भलिबलतर्फ तेस्रो हुने टिमलाई मेडलसहित प्रमाणपत्र प्रदान गरीने अध्यक्ष बानियाँले बताए । त्यस्तै, खेल अवधिभर सर्वोत्कृष्ट खेलाडीलाई मेडेल र प्रमाणपत्रले सम्मान गरिने छ । आज औपचारिक कार्यक्रम उद्घाटन गरिएको र भोलिबाट खेलकुदका कार्यक्रम सञ्चाल गरिने जनाइएको छ ।

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## स्वास्थ्य क्षेत्रलाई संवेदनशील क्षेत्र मानौं ।

नेपालमा वर्षायाम सकिए सँगै दुर्गम गाउँबस्तीहरुमा प्राय: रुघाखोकी र झाडापखाला । तराई र काठमान्डौं उपत्यकामा डेंगु जस्ता सरुवा रोगहरुको संक्रमणले सधै नेपाली नागरिकहरुमा सन्त्रास सृजना गरिरहेको हुन्छ। अहिले काठमान्डौंमा प्रत्येक दिन डेंगुका बिरामीहरु थपिएका थपियै छन्। अब दुर्गम गाउँबस्तीहरुमा कुन दिन झाडापखाला र ज्वरोको महामारी फैलियो भन्ने सुन्नु पर्ने हो । नेपाका सरकारहरु पूर्व तयारी गर्ने भन्दा नि रोग आइसके पछि र आपत परेपछि मात्र तातिने गर्दछन्। उनीहरु सँग नेपालमा कुन मौषममा कस्तो रोगको प्रकोप बढी हुन्छ भन्ने थाहा भएर पनि त्यस्तो रोगको संक्रमण फैलिने भन्दा पहिले नै त्यसलाई रोकथाम गर्नसक्ने उपायहरु कहिल्यै अबलम्बन गर्दैनन् । नेपालमा बिग्रिए पछि मात्र वुद्धी आउने प्रवृत्ति छ । गत २/३ वर्ष यता कर्णाली प्रदेशका अधिकांश दुर्गम गाउँबस्तीहरुमा यही दशै तिहार वा सो समयकै वरपर आम सर्वसाधारण मानिसमा त्यस्मा पनि अझ बालबालिकाहरुमा ज्वरो आउने, वान्ता आउने, झडापखाला हुने समस्याले आक्रान्त नै पारेको थियो। यस पटक पनि त्यसको संभावना हुन सक्छ । स्वास्थ्य क्षेत्रको सेवा प्रदाय संस्थाहरु नै कम हुनु, आवश्यकता परेको बेला परिचालन गर्ने स्वास्थ्य कर्मीको संख्या पनि अपुग हुनुका कारणले कुनै संक्रमणको ब्यापक फैलावट भएको समयमा बिरामीहरुलाई प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन नसकेर कयौं नागरिकको मृत्यु भएको इतिहास हामी सँगै ताजै छ। यसबाट पनि सबे तहका सरकारहरुले पाठ सिकेर सजक हुन तथा त्यही अनुसारको तयार अवस्थामा रहनु आवश्यक हुन्छ। उपत्यकामा सरुवा रोगहरुको संक्रमण फैलिदा स्वास्थ्य कर्मी तत्काल उपलब्ध हुने , स्वास्थ्य सेवा र औषधीको पनि प्रबन्ध हुन सक्छ । तर दुर्गम गाउँबस्तीहरुमा सरुवा रोगको संक्रमण फैलिएको कयौं दिन सम्म न रोगको पहिचान हुन सक्छ, न समय मै स्वास्थ्य कर्मी र औषधीहरु नै पुग्दछ। अकालमा कयौ नागरिकहरुको ज्यान गएका हुन्छन् । त्यसैले मौषम अनुसार नेपालमा संक्रमण हुन सक्ने रोगहरुको पहिचान गरी त्यस्ता सरुवा रोगहरुको संक्रमण फैलिएमा समय मैं त्यसलाई नियन्त्रण गर्न सक्ने गरी तयारी हुन् नै वुद्धीमता हुन्छ।

# 'अख्तियार सेवाको 'औचित्य

राम बहादुर तामाङ
कृष्ण बहादुर दहाल

ट्रान्सपरेन्सी इन्टरनेसनलको सिपिआई इन्डेक्समा नेपाल १०० अङ्कमा ३४ भन्दा माथि जान सकेको छैन । ५० भन्दा कम स्कोर हुने राष्ट्रमा भ्रष्टचार रहेको भनिन्छ । हाम्रो सामाजिक सोच नै भ्रष्टाचारमैत्री हुँदै जानु र भ्रष्टाचार गरेर भए पनि कमाउनु पर्छ भन्ने मान्यता समाजमा आकर्षित हुँदै जानु भ्रष्टाचारको कारण हो । राज्यप्रदत्त सार्वजनिक सेवा प्रवाह जटिल भएको छ । विकास निर्माणका आयोजनाको लागतमा अस्वाभाविक बढोत्तरी हुने गरेको मात्र छैन, एउटा आयोजना वर्षौं वर्षसम्म पनि अधुरै रहने गरेको छ । गुणस्तरको त कुरै नगर्दा पनि हुन्छ । राजस्व, यातायात, भूमि प्रशासन, वैदेशिक रोजगार आदि ठाउँमा अनियमितता भएको पाइन्छ । स्थानीय तहमा पनि भ्रष्टाचार र अनियमितता रहेको पाइन्छ । त्यसैले भ्रष्टाचार जस्तो जघन्य अपराधको अनुसन्धान तथा अभियोजनको संवैधानिक दायित्व पूरा गर्न बलियो अख्तियारको उपस्थिति अनिवार्य छ । यसका लागि आवधिक रूपमा नियुक्ति भई आउने पाँच जना पदाधिकारी मात्र राम्रो भएर पुग्दैन । अख्तियारको आफ्नो सेवा समूह गठन नभएको हुँदा बहुसंख्यक कर्मचारी निजामती सेवाका विभिन्न सेवा, समूह र नेपाल प्रहरीबाट आपूर्ति हुँदै आएको छ । आयोगमा सरुवा भई आउने कर्मचारी सबैले आक्रामक रूपले अनुसन्धान गर्न सक्दैनन् । कतिपय अवस्थामा पूर्वाग्रह साँधेर नाजायज रूपमा कोहीप्रति बढी बल प्रयोग त कोहीप्रति निगाह राख्छन् भन्ने आरोप पनि छ । कर्मचारीको धेरै ओहोरदोहोर हुनाले संस्थागत रूपमा आयोगको कामकारबाहीमा एकरूपता कायम हुन सकेको छैन । केही समयमै सरुवा भई जाने हुँदा भविष्यमा आफूले गरेको कामको अपनत्व र जिम्मेवारीसमेत लिनु नपर्ने अवस्था भएकाले आयोगको आफ्नै सेवा समूह गठन अपरिहार्य देखिन्छ । अख्तियारको आफ्नै सेवा समूह भएको खण्डमा कर्मचारीको स्थायित्व हुन्छ । संस्थागत स्मरणमा सुधार आउँछ । कामकारबाही र आयोगको निर्णयमा




एकरूपता कायम गर्न सहज हुन्छ । अध्ययन, अनुसन्धान, तालिमलगायत कर्मचारी माथि हुने खर्चमा कमी आउँछ । यसरी गरिएको लगानी पनि लामो समयसम्म उपयोग हुन जान्छ। एकै प्रकारको तालिम पटक पटक दिइरहनु पर्दैन । जागिरको पूरा अवधि नै अख्तियारमा बिताउनुपर्ने भएकोले आफूले गरेको कामको अपनत्व र जिम्मेवारी बोधका साथै अनुभवले खारिएका कर्मचारीबाट गल्ती कमजोरीको मात्रामा कमी आउँछ । आयोगलाई परिपक्व निर्णय गर्न उपयुक्त पृष्ठपोषण प्राप्त हुन्छ । कुनै पनि शक्ति केन्द्रको दबाब र प्रभावबाट मुक्त भई निष्पक्ष र निडर तरिकाले भ्रष्टाचारजन्य कार्यको अनुसन्धान अभियोजनका काम स्वतन्त्र रूपले सम्पादन गर्न सकिन्छ । एउटै सङ्गठनमा लामो समय काम गर्दा स्वतः विज्ञता कायम हुन गई क्वालिटी सर्कलको रूपमा विभिन्न क्षेत्रमा आफ्नै विज्ञता विकास गर्न सकिन्छ। अनुभवी र विज्ञ कर्मचारीबाट लामो समय आयोगले काम लिन सक्छ । कामको गुणस्तरमा स्वतः सुधार आउनुका साथै भरपर्दो, विश्वासिलो र जिम्मेवार कर्मचारीका कारण आयोगको समग्र कार्यसम्पादन प्रभावकारी हुन्छ। व्यक्तिगत स्वार्थपूर्तिको अवसर करिब करिब अन्त्य हुन्छ । आयोगको बदनामी र छविमा आँच पुऱ्याउने सम्भावना कम रहन्छ । अनुसन्धान र अभियोजनका काममा चुस्तता र पूर्णता हुनाले आरोपीले लामो समयसम्म अख्तियारको तारेखमा धाउनुपर्ने अवस्थामा समेत कमी आउने छ । अदालतमा दायर गरिएका मुद्दाको सफलताको दर बढ्न जाने हुँदा आयोगप्रतिको जनविश्वासमा अभिवृद्धि हुन्छ भने दोषी करार हुने दर बढेपछि अदालतमा गएर मुद्दा जित्छु भन्ने सोचमा पनि क्रमशः सुधार हुँदै जान्छ। अनुसन्धान राम्ररी नबुझेका कतिपय कर्मचारीबाट भएका गल्ती, कमजोरीको कारण अख्तियारले पक्षपात गर्छ भन्ने खालको सन्देशसमेत बाहिर जान पाउँदैन । कुनै बेला खराब नियत भएका पदाधिकारी नियुक्त भई आएमा पनि बाहिरबाट ल्याइएको कर्मचारीलाई जस्तो जथाभावी उपयोग गर्न सक्ने सम्भावना हुँदैन । कम्तीमा आयोगकै कर्मचारी भए त त्यस्तो पदाधिकारीसँग दोहोरो कुराकानीमार्फत गलत काम गर्न हुँदैन भनेर सम्झाउन सक्ने अवस्था रहन्छ । उजुरी फर्स्योट दरमा तीव्रता आउँछ । सरोकारवाला निकाय अनुसन्धान र अभियोजन गर्ने अख्तियार, मुद्दाको प्रतिरक्षा गर्ने सरकारी वकिलको कार्यालय र मुद्दाको सुनुवाइ गर्ने अदालतबिचको सहयोग, सहकार्य र समन्वयलाई प्रभावकारी बनाउनसमेत सहज हुन जान्छ। अख्तियारको आफ्नै सेवा, समूह गठन गर्नु हुँदैन भन्ने तर्क पनि नभएको होइन। यदि अख्तियार सेवा, समूह गठन भएमा नाजायज तरिकाले दुःख दिन्छन्। यस्ता कर्मचारीलाई कसैको डर हुँदैन । झन् शक्तिको मातमा अख्तियार नै बदनाम हुन्छ । कर्मचारीको वृत्ति विकासको अवसर सीमित मात्र हुन्छ । अख्तियारमै कुँजिएर बस्नुपर्ने हुँदा कर्मचारीमा दिक्दारी लाग्ने हुँदा उत्साहित भएर कार्यसम्पादन गर्दैनन् र आयोगको कार्यसम्पादनमै असर पर्न जान्छ । अहिलेको प्रणालीबाट आयोगले खोजे जस्तो र रोजे जस्तो बजारबाट छानी-छानी कर्मचारी आपूर्ति गर्न सकिन्छ तर आयोगको आफ्नै सेवा समूह भए कर्मचारी छनोटको अवसर पनि साँगुरिन्छ। अख्तियारलाई हरेक क्षेत्रको विज्ञता आवश्यक पर्ने भएकाले त्यति धेरै प्रकारका विज्ञता आफ्नै सेवा समूहमा विकास गर्न कठिन हुन्छ । अख्तियारको आफ्नै सेवा, समूह गठन गरे आयोगको कर्मचारी ठुला पल्टिन्छन् भन्ने तर्कमा लुकेको गुह्य कुरो चाहिँ आयोगलाई केवल प्लेटफर्म मात्र बनाउने, आयोगमा बस्न पनि चाहनु तर समर्पण गर्न नचाहनु नै हो । त्यसै गरी करियर साँगुरिन्छ भन्ने तर्क केवल भ्रामक विचारको प्रवाह मात्र हो। नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, संसद सेवा, लेखापरीक्षण सेवा, राष्ट्रिय मानव अधिकार आयोग सेवा, विभिन्न सङ्घसंस्थानमा आफ्नै सेवा समूह छ । त्यहाँ पर्याप्त वृत्ति विकासको अवस्था देखिन्छ। कुनै समयकालमा बढुवा जाम हुनु त अहिले प्रशासन र लेखा समूहमा पनि त्यस्तै अवस्था छ तर व्यवस्थापन गर्न नसकिने भने होइन । अख्तियार को हालको स्वीकृत दरबन्दीमा भोलि पुनरवलोकन गरी बढाउनुपर्ने आवश्यकता नहुने भन्ने छैन । यसर्थ प्रत्येक श्रेणीमा दुई तह कायम कायम गरेर कम्तीमा ८-१० वर्षमा तह वृद्धिको अवसर सिर्जना गर्न सकिन्छ। आफ्नै कर्मचारी भएपछि कर्मचारीमाथि दुई तीन तहमामा आन्तरिक अनुगमन गर्नुपर्ने हुन्छ। गल्ती गर्ने कर्मचारीलाई दोषको आधारमा सेवामुक्त, विभागीय कारबाही, निलम्बन, जिम्मेवारीविहीन, अवसरबाट वञ्चित गराउन सकिन्छ । साथै आफ्नै आन्तरिक सुधार केन्द्रमा राखी काउन्सिलिङ गरेर पुनः उपयोगयोग्य बनाउनसमेत सकिन्छ । विपक्षमा तर्क गरे झैँ गल्ती गर्ने कर्मचारीलाई कारबाही गर्न नसकिने अवस्था हुँदैन । प्रारम्भमा शतप्रतिशत नभए पनि कम्तीमा ५०-५०, ६०-४०, ७०-३०, ८०-२० अनुपातमा आयोगले आफ्नै सेवाको विभिन्न समूह गठन गर्दै जानु उचित हुन्छ । जस्तै अख्तियार सेवाभित्र प्रशासन, लेखा, राजस्व, वन, कृषि, शिक्षा, कानुन, सरकारी वकिल, आइटी, बिल्डिङ, आर्किटेक्ट, इरिगेसन, मेकानिकल, इलेक्ट्रिकललगायत अख्तियार प्रहरी जस्ता समूह गठन गरी अनुसन्धान सहायक, अनुसन्धान अधिकृत, वरिष्ठ अनुसन्धान अधिकृत, मुख्य अनुसन्धान अधिकृत, प्रमुख अनुसन्धान अधिकृत जस्ता एउटै श्रेणीमा दुई तह कायम गरेर विशिष्ट श्रेणीको सचिव पदमा आफ्नै सेवा समूहबाट वृत्ति विकासको बाटो lgdf{f ug{; ls G . *–गोरखापत्र*

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।
पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।
बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।
रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सी.पी. कालीकोट

# कर्णालीको स्थानीय सेवा ऐन जारी

नमस्ते समाचारदाता
सुर्खेत, कार्तिक/०७




कर्णाली प्रदेश सरकारले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन जारी गरेको छ । उक्त ऐन प्रदेश राजपत्रमा समेत प्रकाशित भइसकेको छ। कर्णाली प्रदेशभित्रका स्थानीय तहबाट हुने सेवा प्रवाहका लागि आवश्यक कर्मचारी समेतको व्यवस्था गरी स्थानीय सेवालाई सक्षम, सुदृढ, उत्तरदायी, व्यावसायिक, निष्पक्ष र प्रभावकारी बनाउन कानुन व्यवस्था गर्न आवश्यक भएकाले स्थानीय सेवा ऐन ल्याइएको छ। स्थानीय सेवाको कर्मचारीको समग्र व्यवस्थापन ऐनले गर्नेछ। कर्मचारी प्रशासनलाई चुस्त बनाउनदेखि स्थानीय तहमा रहने सेवा गठनलाई सुनिश्चित गर्नका लागि यो ऐन ल्याइएको हो । ऐनमा उल्लेख भए अनुसार स्थानीय तहको प्रशासन सञ्चालन गर्न आवश्यक पर्ने जनशक्ति रहने तह सुनिश्चित गर्न, कर्मचारी कार्य विवरण र कार्यसम्पादन मार्फत सेवा प्रवाहलाई व्यवस्थित गरिने छ। यस्तै पालिकाहरूले आवश्यक जनशक्तिको दरबन्दी सिर्जना गर्न सक्नेछन् भने गुणस्तरीय सेवा प्रवाह हुने अपेक्षा पनि गरिएको छ । यो ऐनले स्थानीय तहमा बेथितिका रूपमा रहेको कानुन विपरीतका पदपूर्तिमा रोक लाग्ने छ । ऐन जारी भएसँगै अब कर्णालीका स्थानीय तहहरूले करार तथा ज्यालादारीमा कर्मचारी राख्न पाउने छैनन् । अधिकृतस्तरको पदमा २१ वर्ष पूरा भएको हुनुपर्ने छ । पुरुष उम्मेदवारको हकमा ३५ र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने छ ।

यद्यपि संघीय निजामती सेवा, प्रदेश निजामती सेवा वा स्थानीय सेवामा रहेका स्थायी कर्मचारीहरूको हकमा उमेर हद लाग्ने छैन । तोकिए बमोजिम शैक्षिक योग्यता, संघीय निजामती, प्रदेश निजामती र स्थानीय सेवाको समान तहको पदमा कार्यरत नरहेको हुनुपर्ने प्रावधान पनि ऐनमा छ । कर्णालीको स्थानीय ऐनमा अन्तरप्रदेश सरुवाको व्यवस्था गरिएको छैन । मुख्यमन्त्री कार्यालयले प्रदेशको स्थानीय सेवाको कर्मचारीलाई कर्णालीभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा सरुवा गर्न सक्ने उल्लेख छ । यद्यपि कर्णालीका स्थानीय तहको कर्मचारीले कुनै अर्को प्रदेशमा सरुवा हुन भने पाउँदैन । स्थानीय तहका कर्मचारीहरूले यो विषय सुधार गर्नुपर्ने माग राखेका थिए । तर मागको सुनुवाइ नहुँदै ऐन जारी भएको छ । सरुवा गर्दा एक पटकमा सम्बन्धित स्थानीय तहको दरबन्दीको ७० प्रतिशत कर्मचारी कायम राखी सरुवा गर्नुपर्ने छ। यस्तै स्थानीय सेवाको कर्मचारीले ६० वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउने व्यवस्था छ। राजनीति दलहरूको भागबन्डाका आधारमा स्थानीय तहमा कर्मचारी भर्ना गर्ने प्रवृत्ति छ । उक्त प्रवृत्तिको अब अन्त्य हुने सरकारको विश्वास लिएको छ। यदि व्यवस्था विपरीत नियुक्त गरिएमा त्यसरी नियुक्ति पाएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकीसरह असुल उपर गरिने प्रावधान ऐनमा उल्लेख छ। ऐनमा स्थानीय तहको प्रशासन सञ्चालन गर्न स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको सर्त तथा कर्मचारीको व्यवस्थापन सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय प्रमुख निकायको रूपमा काम गर्ने उल्लेख छ । ऐन र यस अन्तर्गत बनेको नियममा उल्लेख भएका बाहेक कर्मचारी प्रशासन सम्बन्धी अन्य काम मुख्यमन्त्री कार्यालयको स्वीकृति लिएर मात्र गर्नु पर्ने विधेयकमा उल्लेख छ । स्थानीय सेवाको गठन गर्दा स्थानीय इन्जिनियरिङ, कानुन, कृषि, प्रशासन, विविध, शिक्षा तथा स्वास्थ्य सेवा रहनेछन् । ऐनको परिच्छेद-१ को ६ नम्बर बुँदामा कार्य विवरण र कार्य सम्पादन सम्बन्धी व्यवस्था गरिएको छ । कर्मचारीको पदस्थापन गर्दा निजको नतिजामूलक कार्य विवरण उपलब्ध गराउनुपर्ने छ । साथै कामको मूल्याङ्कन गर्ने सूचकाङ्क सहित कार्यसम्पादन सम्झौता गरी कामका लगाउनु पर्नेछ । परिच्छेद-३ मा स्थानीय सेवाको दरबन्दी सिर्जना तथा पदपूर्ति सम्बन्धी व्यवस्था गरिएको छ । उक्त कार्य गर्दा सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा समिति गठन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने छ । दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्नुपर्ने देखिएमा कारण र औचित्य खुलाइ कार्यपालिकामा प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था गरिएको छ। ऐनमा पदपूर्ति सम्बन्धी विशेष व्यवस्था गरिएको छ। यदि यो ऐन बनेर कार्यान्वयनमा आए खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये ३३ प्रतिशत महिलालाई छुट्याइ पदपूर्ति गरिनुपर्ने छ। जसमा खस आर्य ४५ प्रतिशत, दलित २२, आदिवासी जनजाति र पिछडिएको क्षेत्र १२/१२, अपाङ्गता भएका व्यक्ति ५, मधेसी तथा मुस्लिम २ र थारु समुदायका लागि २ प्रतिशत कोटा निर्धारण गरिएको छ । ऐनमा नवनियुक्त कर्मचारीको परीक्षण कालको व्यवस्था गरिएको छ । ऐनको बुँदा नम्बर १८ मा भनिएको छ, 'स्थानीय सेवाको पदमा खुला प्रतियोगिताद्वारा नियुक्ति हुने महिला कर्मचारीको हकमा ६ महिना र पुरुष कर्मचारीको हकमा एक वर्ष परीक्षणकाल रहने गरी नियुक्ति गरिनेछ । यदि परीक्षणकालमा कर्मचारीको काम सन्तोषजनक नभएमा नियुक्ति बदर गर्न सकिने उल्लेख छ । यद्यपि संघीय निजामती सेवा वा प्रदेश निजामती सेवा तथा स्थानीय सेवामा एक पटक परीक्षणकाल पूरा गरेको कर्मचारीलाई पुनः परीक्षणकालमा नराखिने उल्लेख छ । ऐनको २० नम्बर बुँदामा उम्मेदवार हुनको लागि योग्यताको व्यवस्था गरिएको छ । जसमा स्थानीय सेवाको सहायकस्तरको पदमा अठार वर्ष उमेर पूरा भएको हुनुपर्ने उल्लेख छ।

# भ्रष्टाचार नियन्त्रणका लागि सुशासन अपरिहार्य : मुख्यमन्त्री आचार्य

नमस्ते समाचारदाता
नेपालगन्ज, कार्तिक/०७



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले भ्रष्टाचार नियन्त्रणका लागि सुशासन कायम गर्नु अपरिहार्य भएको बताउनुभएको छ । लुम्बिनी प्रदेश सरकारले तयार पारेको 'सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरण सम्बन्धी पाँच वर्षे रणनीतिक कार्ययोजना'को मस्यौदाका सम्बन्धमा सुझाव सङ्कलन गर्न बुधबार खजुरामा आयोजना गरिएको अन्तरक्रिया र छलफल कार्यक्रममा बोल्दै मुख्यमन्त्री आचार्यले सुशासन कायम भयो भने भ्रष्टाचार घट्दै जाने र सुशासन भएन भने भ्रष्टाचार बढ्ने बताउनुभयो । सुशासनका लागि प्रदेश सरकारले विभिन्न कार्यहरूको सुरुवात गरिसकेको जनाउँदै उहाँले त्यसमा सबैको सहयोग आवश्यक रहेको बताउनुभयो । प्रदेशमा भ्रष्टाचार नियन्त्रणसँगै सुशासन कायम गर्न सरकारले पाँच वर्षे रणनीतिक कार्ययोजना निर्माण गरेको जनाउँदै मुख्यमन्त्री आचार्यले यसलाई कडा रूपमा कार्यान्वयन गरिने बताउनुभयो । उहाँले थप्नुभयो, "यो रणनीतिक कार्ययोजना एउटा सामान्य कागज मात्र होइन, प्रदेश निर्माणका लागि अहम् दस्तावेज समेत हो । सरकारले यसलाई वार्षिक रूपमा विभिन्न कार्यक्रम बनाएर कार्यान्वयन गर्नेछ ।" सुशासन र भ्रष्टाचार नियन्त्रण सबैभन्दा पहिले आफैबाट सुरु गर्नु पर्ने कुरा भएको जनाउँदै आचार्यले आफूमा सुधार ल्याउँदै सच्चिँदै मातहतका निकाय र व्यक्तिलाई पनि सुधार्नु र सच्चाउनु पर्नेमा विशेष जोड दिनुभयो । सरकारमा बसेकाहरू, जनप्रतिनिधि, कर्मचारी, व्यवसायी लगायत गर्नुपर्ने जिम्मेवारीलाई इमानदारीपूर्वक पुरा नगरेकै कारण जनतामा निराशा उत्पन्न भइरहेको उहाँको भनाइ थियो । मुख्यमन्त्री आचार्यले दसैँको बिदाको समयमा आफूले सरकारी गाडीको प्रयोग नगरेर सुशासनको सुरुवात गरेको जनाउँदै लुम्बिनी प्रदेश सरकारले देशमै पहिलो पटक प्रदेशका मन्त्रीहरूको आचार संहिता बनाएको बताउनुभयो । उहाँले स्थानीय सरकारका प्रमुख लगायत जनप्रतिनिधिहरूले निजी र व्यक्तिगत कामका लागि सरकारी गाडीको प्रयोग नगर्न आग्रह गर्दै यसले अन्यलाई पनि प्रोत्साहन गर्ने बताउनुभयो । सो अवसरमा लुम्बिनी प्रदेश सरकारका सचिव कृष्ण पौडेलले सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरण सम्बन्धी पाँच वर्षे रणनीतिक कार्ययोजनाको मस्यौदा बारे विस्तृत रूपमा जानकारी गराउनु भएको थियो । ११ विषयमा १०० वटा क्रियाकलाप समेटिएको सो मस्यौदामा कार्यक्रममा सहभागी स्थानीय सरकारका प्रमुख, उपप्रमुख, नागरिक समाजका अगुवा, अधिकारकर्मी, राजनीतिक दलका नेताहरू तथा कर्मचारीले विभिन्न सुझाव दिनुभएको थियो । कार्यक्रममा नागरिक समाजका अगुवाहरू वसन्त गौतम, प्रभातसिंह ठकुरी, कृष्णप्रसाद श्रेष्ठ, मीनबहादुर मल्ल, बढैयाताल गाउँपालिकाका अध्यक्ष हिमालय त्रिपाठी, कोहलपुर नगरपालिकाका उपप्रमुख सञ्जीता सुवेदी र नेपाली काँग्रेस बाँकेका उपसभापति गोपाल प्रसाद अधिकारीलगायतले सुझाव दिनुभएको थियो। सो अवसरमा प्रदेश सभा सदस्यहरू रत्न खत्री, अम्बिका काफ्ले, मिना बोहोरा सिद्धिकी, माया पुन, सुशीला वादी, जन्मजय तिमिल्सिना र भुवनेश्वर चौधरी, बाँके र बर्दियाका जिसस प्रमुख लगायतको सहभागिता रहेको थियो ।

## इतिहास...

पहिलो सय दिनमा हामीले कुन-कुन मन्त्रालय अन्तर्गत के-के काम थालेका छौँ र ती थालिएका कामहरू कसरी समयमै सम्पन्न गर्ने भन्नेबारे योजना बनाई कामको प्राथमिकता तोक्यौँ । र, त्यसैको आधारमा प्रधानमन्त्री र मन्त्रीहरूका बीच कार्यसम्पादन सम्झौता गर्‍यौँ । सबै मन्त्रालयले पहिलो, एक सय दिन, दोस्रो सय दिन र बाँकी अन्य दिनभित्र गर्ने कामहरूको सूची बनाए । पहिलो सय दिनभित्र सबै मन्त्रालयको गर्ने भनेको कामको सख्या २७४ वटा पुग्यो । तीमध्ये १८५ वटा कामहरू सम्पन्न भएका छन् । अर्थात्, यो सरकारले आफूले गर्छु भनेको करिब ७० प्रतिशत काम सम्पन्न गरेको छ । यदि प्रकृति प्रतिकूल नभइदिएको भए बाँकी ३० प्रतिशत काम पनि यो सरकारले पूरा गर्थ्यो ।' विपत्तिबाट प्रभावित नागरिकहरूको परिवारहरूलाई तत्काल उद्धार, राहत,अत्यावश्यक भौतिक पूर्वाधार र सेवाको सञ्चालनलाई प्राथमिकतामा राखेर हामीले काम अघि बढायौँ । पीडितपरिवारको राहत, घाइतेहरूको उद्धार र निःशुल्क उपचार, मृतकको परिवारलाई आर्थिक सहयोग र प्रभावित नागरिकको सुरक्षित पुनर्स्थापनमा सरकारलाई केन्द्रित गर्‍यौँ । बाढीपहिरोका कारण मृत्यु भएका ३९१ जनाको परिवारले दुई लाखका दरले राहत पाएका छन् । बाढीपहिरोबाट प्रभावित दुई हजार ५५५ परिवारलाई चार करोड ५० लाख रुपैयाँ तत्काल राहत प्रदान गरिएको छ । सङ्कटग्रस्त क्षेत्रका ७१ वटा स्थानीय तहमा ४३ करोड रुपैयाँ विनियोजन गरिएको छ । प्रधानमन्त्री ओलीले आफूले सरकारको नेतृत्व गरेपछि अर्थतन्त्रमा सुधारका संकेत देखिन थालेको दाबी गरेका छन् । साथै प्रधानमन्त्रीले राष्ट्रियता सुशासन र विकासमा सरकारले कसैसँग कुनै सम्झौता नगर्ने समेत बताएका छन् । 'हामी सरकारमा आउँदा अर्थतन्त्र डामाडोल थियो । आज त्यसमा सुधारका संकेतहरु देखा परेका छन्, प्रधानमन्त्रीले भने,निजी क्षेत्रकै माग अनुसार आर्थिक सुझाव आयोग जस्ता महत्वपूर्ण आयोगहरुको गठनले व्यवसायीमा आत्मविश्वास पलाएको छ।'

## भूमि...

गत ८ चैत गते बसेको मन्त्रिपरिषद् बैठकले आयोग खारेज गर्दै अर्को बनाउने निर्णय गरेको थियो । स्रोतका अनुसार अहिलेसम्म मुलुकमा १८ वटा आयोग गठन भईसकेका छन् । तर, सरकार फेरबदल भएसँगै खारेज गर्ने र आफ्नो नेता तथा कार्यकर्ताका लागि आयोगलाई भर्तीकेन्द्र बनाउने प्रवृत्ति रहेको छ । पछिल्लो पटक तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले एमाले निकट देवी ज्ञवाली केन्द्रिय अध्यक्ष रहेको आयोग खारेज गर्दै २०७८ भदौ ३० गते कांग्रेस निकट केशव निरौलाको नेतृत्वमा नयाँ आयोग गठन गरेको थियो।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी

यतिमात्र होईन... साथमा बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यूरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# योजना छनोट ऐन बनाइँदै

नमस्ते समचारदाता
सुर्खेत, कार्तिक/०७



कर्णाली प्रदेश सरकारले योजना छनोट ऐन निर्माण गर्न लागेको छ । प्रदेश सरकारको योजना छनोट प्रणालीलाई व्यवस्थित गर्न ऐन निर्माण गर्न लागिएको हो । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा समावेश गरेर योजना छनोटसम्बन्धी ऐन निर्माण गर्ने जनाइएको छ । नीति, कार्यक्रम र बजेट निर्माण क्षमता र आवश्यकताभन्दा पनि कार्यकर्ता लक्षित वितरणमुखी र स्वार्थ समूहको हित रक्षा हुने गरी छनोट तथा सञ्चालन हुँदै आइरहेका छन् । योजना छनोट प्रक्रियालाई व्यवस्थित गर्न ऐन निर्माण गर्न लागिएको प्रदेश सरकारले जनाएको छ । अहिले ऐन निर्माणको प्रारम्भिक छलफल भइरहेको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । धेरैजसो आयोजनाको कार्यान्वयन हुन नसकी बजेटसमेत खर्च हुन नसक्ने समस्या देखिएको परिप्रेक्ष्यमा योजना छनोट ऐन बनाउन लागिएको मन्त्रालयका सचिव रविलाल शर्माले बताउनुभयो । विकासका आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि ऐन निर्माण गर्न लागिएको उहाँको भनाइ छ । चालु आर्थिक वर्षमा आयोजना बैङ्क निर्माण गर्ने सरकारको योजना छ । आयोजना बैङ्क निर्माण सँगसँगै योजना छनोट ऐन निर्माण गर्न लागिएको सचिव शर्माले जानकारी दिनुभयो । विकास आयोजनाको आधार वर्गीकरण मापदण्ड निर्माण, आयोजनाको सम्भाव्यता अध्ययन गर्नुपर्ने, विकास आयोजनाको कार्यान्वयन वस्तुपरक, वैज्ञानिक हुनुपर्नेलगायतका विषय अघिसारिएको हो । प्रदेश योजना आयोगले भने आयोजना बैङ्क निर्माण गरेर योजना छनोट ऐन निर्माण गर्ने जनाएको छ । दोस्रो पञ्चवर्षीय योजना निर्माण अन्तिम चरणमा पुगेको र आयोजना बैङ्क निर्माण र योजना छनोट ऐन निर्माणबारे छलफल थालिएको आयोगले जनाएको छ । प्रदेश योजना आयोगका उपाध्यक्ष सूर्यनाथ योगीले योजना छनोट प्रक्रियालाई प्रभावकारी बनाउन योजना छनोट ऐन निर्माण गर्न लागिएको बताउनुभयो । आयोजना बैङ्क स्थापना र ऐन निर्माणलाई प्राथमिकतामा राखिएको उहाँको भनाइ छ । दोस्रो पञ्चवर्षीय योजना निर्माणको काम अन्तिम चरणमा पुगेको उहाँले जानकारी दिनुभयो । योजना छनोट ऐन निर्माण गरेर योजना छनोट प्रक्रियालाई व्यवस्थित मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ । यो वर्ष योजना छनोट ऐन निर्माण गर्न लागिएको कार्यालयका सचिव आनन्द सारुले बताउनुभयो । यसै गरी चालु आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटमा समेत आयोजना बैङ्क स्थापना गर्ने जनाइएको छ । योजना छनोट प्रणालीलाई व्यवस्थित गर्न आयोजना बैङ्क प्रभावकारी हुने अपेक्षा गरिएको हो । आयोजना छनोट तथा बजेट विनियोजनलाई वस्तुपरक बनाउन र आयोजनाको दोहोरोपना हटाउन आयोजना बैङ्क स्थापना गर्न लागिएको सचिव सारुले बताउनुभयो । दिगो विकास लक्ष्य हासिल गर्न मद्दत पुऱ्याउने, उत्पादन र उत्पादकत्व बढाउने आयोजनामा बजेट केन्द्रित गर्ने गरी बैङ्क स्थापना गरेर कार्यक्रम छनोट गरिने उहाँको भनाइ छ । बजेट कार्यान्वयनलाई व्यवस्थित गर्न आयोजना बैङ्क निर्माण गर्न र सोही अनुसार बजेट परिचालन गर्नुपर्ने हुन्छ । त्यसका लागि योजना तर्जुमासम्बन्धी कानुन निर्माण गरेर कार्यान्वयन गरिने सचिव सारु बताउनुहुन्छ । कर्णालीमा आयोजना बैङ्कको अपरिहार्यतालाई प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको समीक्षाले समेत देखाएको छ । नीति तथा योजना आयोगमार्फत आयोजना बैङ्क सञ्चालनमा ल्याउनुपर्ने सुझाव प्रदेश योजना आयोगले सरकारलाई विभिन्न समयमा दिने गरेको छ ।

# चार लाख नगदसहित २० जुवाडे पक्राउ

नमस्ते समचारदाता
बाँके, कार्तिक/०७



बाँकेको राप्ती सोनारी गाउँपालिका-६ बाट करिब ४ लाख रुपियाँसहित २० जना जुवाडेहरू पक्राउ परेका छन् । राप्ती सोनारी गाउँपालिका-६ स्थित सञ्जय रानाको घरमा जुवा खेली रहेको गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख एसपी तुल बहादुर कार्की नेतृत्वको टिमले छापा मार्दा जुवा खालबाट नगद ३ लाख ९१ हजार रुपियाँ सहित २० जना जुवाडेलाई पक्राउ गरेको प्रहरीले जनाएको छ । तिहार नजिकिएसँगै बाँकेमा जुवातास खेल्नेहरू सक्रिय हुन थालेपछि प्रहरी पनि सक्रिय भएर सो रोक्न लागि परेको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख एसपी कार्कीले बताउनुभयो । उहाँले जिल्लामा जुवा हुने सम्भावित स्थान र खेलाउने व्यक्तिहरू बारे प्रहरीले धेरै सूचना सङ्कलन गरिसकेको जनाउँदै यस पटक जुवातास निमन्त्रण अभियानलाई कडा पारिएको बताउनुभयो । यसअघि जिल्ला प्रहरी कार्यालय र वडा प्रहरी कार्यालय नेपालगन्जको संयुक्त टोलीले जयसपुरबाट १५ जना जुवाडे पक्राउ गरेको थियो । हरेक वर्ष तिहारको समयमा जिल्लामा जुवातासका घटना बढ्ने भएकाले प्रहरीले निगरानी बढाएको छ । जिल्ला प्रहरी प्रमुख एसपी कार्कीले ठाउ-ठाउँमा सुराकी प्रहरी परिचालन गरेर निगरानी गरिरहेको बताउनुभयो । उहाँका अनुसार जुवातासका कारण धेरै परिवार समस्यामा पर्ने गरेकोले कानुनले वर्जित गरेका यस्ता गतिविधि नियन्त्रणका लागि प्रहरी चनाखो रहेको छ । दसैं, तिहार, छठ लगायतका चाडपर्वमा मानिसहरूको ठाउँ ठाउँमा जमघट हुने र यही मौकामा जुवातास समेत खेल्ने गरेको पाइएपछि प्रहरीले सम्भावित क्षेत्रको पहिचान नै गरेर निगरानी बढाएको छ । दसैं र तिहारलाई लक्षित गरेर तयार गरिएको सुरक्षा योजना अनुसार प्रहरीले सबै सुरक्षा निकायसँग समन्वय गरेर सुरक्षा व्यवस्था गरिरहेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

# उपनिर्वाचनको तयारीमा जुट्यो राप्रपा हुम्ला



नमस्ते समचारदाता
हुम्ला, कार्तिक/०७

राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) हुम्ला यतिबेला उपनिर्वाचनको तयारीमा जुटेको छ । उपाध्यक्ष पदका लागि पार्टीले उम्मेदवारी दिने भएपछि त्यसको तयारीमा जुटेको हो । त्यसका लागि राप्रपाले आगामी मंसिर १६ गते हुने उपनिर्वाचनका लागि दुई वटा उपसमिति गठन गर्ने निर्णय गरेको छ । रिक्त उपाध्यक्ष पदका लागि उम्मेदवारी केन्द्रमा सिफारिस गरेको राम्रोले आफ्नो उम्मेदवारी दिने भएपछि निर्वाचनका लागि समिति गठन गरेको छ । उपाध्यक्ष पदका लागि उपनिर्वाचन हुन लागेको सर्केगार्ड गाउँपालिकामा बसेको राप्रापाका केन्द्रीय सदस्य कालिबहादुर शाही र जिल्ला अध्यक्ष विकास महतको उपस्थितीमा सर्केगार्ड गाउँपालिका कार्य समितिको बैठकले उपनिर्वाचनका लागि दुई वटा उपसमिति गठन गरेको राप्रपा हुम्लाका अध्यक्ष महतले बताए । उनले जसमा निर्वाचनको प्रचार प्रसारका लागि शिवराज रोकायाको संयोजकत्वमा तीन सदस्यीय उपसमिति गठन गरिएको छ । राप्रपा कर्णाली प्रदेशका सदस्य बरुने ऐडीको संयोजकत्वमा तीन सदस्यीय आर्थिक संकलन उपसमिति गठन गरिएको छ । निर्वाचनका लागि उपसमिति गठन गर्ने राप्रपा हुम्लामा पहिलो दल भएको छ । बैठकले सडक दुर्घटनमा परी मृत्यु भएका गाउँपालिका उपाध्यक्षको स्वर्गीय चन्द्रसिंह कार्कीको लागि शोक प्रस्ताव समेत पारित वैठकले गरेको छ ।


## ताँजाकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

चाखुरे, हुम्ला
कर्णाली प्रदेश, नेपाल

मिति : २०८१/०७/०२ गते

श्री गाउँपालिका अध्यक्ष र उपाध्यक्ष ज्यू ताँजाकोट गाउँपालिका, हुम्ला
श्री ५ वटै वडा अध्यक्ष तथा कार्यपालिका सदस्य ज्यू ताँजाकोट गाउँपालिका, हुम्ला
श्री राजनितिक दलका प्रमुख एंवम प्रतिनिधी ज्यू ताँजाकोट गाउँपालिका, हुम्ला
श्री प्रमुख प्रशासकिय अधिकृत तथा सबै शाखा प्रमुख र सबै सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख एंवम प्रतिनिधी ज्यू ताँजाकोट गाउँपालिका, हुम्ला
श्री वि. व्य. स. अध्यक्ष तथा प्रधानाध्यापक ज्यू सामुदायिक तथा संस्थागत विद्यालय सवै ताँजाकोट, गाउँपालिका हुम्ला
श्री स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाई प्रमुख ज्यू ताँजाकोट गाउँपालिका, हुम्ला
श्री शिक्षक संघ संगठन र महासंघका प्रमुख एंवम प्रतिनिधी ज्यू ताँजाकोट गाउँपालिका, हुम्ला
श्री सम्पुर्ण शिक्षक, विधार्थी, अभिभावक, शिक्षाप्रेमी, बुद्धिजिवी, समाजसेवी, पत्रकार लगायत ताँजाकोट वासी सवै तथा शिक्षासँग आवद्ध सरोकारवाला सबै ।

**विषय : उपस्थितिको लागि हार्दिक निमन्त्रणा ।**

प्रस्तुत विषयमा यस ताँजाकोट गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा मिति २०८१/०७/०९ गतेदेखि ताँजाकोट गाउँपालिका **स्तरीय शैक्षिक गुणस्तरका लागि गाउँपालिका अध्यक्ष अतिरिक्त क्रियाकलाप सप्ताह कार्यक्रम** यस ताँजाकोट गाउँपालिका वडा न. ३ स्थित श्री धर्मोदय माध्यमिक विद्यालयमा सञ्चालन हुने भएकोले उक्त कार्यक्रमको उद्घाटन समारोह मिति २०८१/०७/०९ गते विहान १० बजे यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक आमन्त्रणा गर्दछु ।

शिक्षा शाखा प्रमुख



जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला


नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके